जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ३० पृष्ठः ४ | २०८३ जेठ ०६ बुधबार (Wednesday 20 May 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## आगलागी पीडितलाई नगरको राहत



**मणिलाल विश्वकर्मा**

लहान, ५ जेठ। सिराहाको लहान नगरपालिका– १५, लग्राहा गाउँका आगलागीपीडित एक परिवारलाई नगरपालिकाले खाद्यान्नसहितको राहत सामग्री उपलब्ध गराएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले सोमबार अपराह्न बस्तीमै पुगेर पीडित स्थानीय लीलामाया थापामगरको परिवारलाई एक क्विन्टल चामल, दाल, नुन, तेल, प्रेसरकुकर, कराही र दुई थान त्रिपालसहितको राहत सामग्री हस्तान्तरण गरेका हुन्। राहत सामग्री हस्तान्तरण गर्दै उनले प्राकृतिक प्रकोपले पीडित परिवारलाई तत्काल खान, ओत लाग्नका लागि राहतस्वरूप खाद्यसामग्री र भाँडावर्तन हस्तान्तरण गरिएको बताए।

‘आगलागीजस्तो प्राकृतिक विपत्तिमा परेका परिवारलाई दिइएको राहत सामग्री क्षतिको तुलनामा न्यून हो,’ उनले भने, ‘विपत्तिको समयमा स्थानीय सरकार पनि अप्ठ्यारोमा परेका नागरिकसँगै छ भन्ने अनुभूति दिलाउन थोरै राहत सामग्री सहयोग उपलब्ध गराइएको हो।’ गत ३० वैशाखमा घरमा कोही पनि नरहेको बेला अपराह्न करिब ४ बजेतिर थापा परिवार बस्दै आएको एउटा घर, गोठसहित घरमा राखिएको अन्नपात, भाँडावर्तन, फर्निचर र नगद ३५ हजारसमेत जलेर नष्ट भएको पीडित थापाले बताइन्। ‘म राँगा चराउन गएकी थिएँ,’ उनले भनिन्, ‘श्रीमान् र छोराहरू पनि कामविशेषले अन्यत्र गएका वेला आगलागी भएछ।’ घरमा कोही पनि नरहेको र त्यही वेला हावाहुरी आउँदा भएको आगलागीमा केही पनि बचाउन नसकिएको लहान– १५ का वडाध्यक्ष तेजनारायण चौधरीले बताए।

**पीडितलाई आपतकालीन घर**

उनका अनुसार वडा क्षेत्रमा विपतमा परेकाहरूलाई तत्कालका लागि ओत लाग्नका लागि सामाजिक संस्थाबाट प्राप्त भएको सुरक्षित टेन्ट दिइनेछ। घरगोठसमेत जलेपछि पीडित परिवार करिब एक सातादेखि छिमेकी फगुवा सदायको घरमा आश्रय लिएर बसिरहेकाले उक्त टेन्ट उपलब्ध गराउन लागिएको उनले बताए। त्यसबाहेक नयाँ घर निर्माण नहुन्जेलसम्मका लागि दुई बन्डल जस्तापाता नगरपालिकाले उपलब्ध गराउने र वडा कार्यालयको समन्वयमा बाँसको व्यवस्थापन गरिएपछि मंगलबारदेखि नै आपतकालीन घर निर्माण गरी पीडितहरूलाई हस्तान्तरण गरिने योजना रहेको नगर प्रमुख चौधरीले उल्लेख गरे।

## सुकुमवासी दलित समुदायको बिचल्ली



सिरहा, ५ जेठ। सिराहाको नवराजपुर गाउँपालिका–४, नहरनियाँको विपन्न दलित बस्तीमा गाउँपालिका कार्यालयले डोजर लगाएर घर भत्काइदिएपछि त्यहाँ बस्दै आएकाहरूको बिचल्ली भएको छ। ऐलानी जग्गामा घर बनाई लामो समयदेखि बसोबास गर्दै आएकाको घर स्थानीय सरकारले डोजर लगाएर भत्काइदिए पनि बासका लागि उचित व्यवस्थापन नभएपछि समस्यामा परेका हुन्। ऐलानी जग्गा खाली गराउने क्रममा नवराजपुर गाउँपालिका कार्यालयबाट गएको डोजरले वैशाख ३० गते उक्त बस्तीको ५० वटा घर भत्काइदिएको छ। घर भत्किएपछि चर्को घाम र बेला न कुबेला आउने हावाहुरीका कारण ठुलो बिचल्लीमा परेको स्थानीय दलित विपन्न समुदायका व्यक्तिले पीडा पोखेका हुन्। घर भएर पनि बेघर हुन पुगेका विपन्न दलित त्रिपाल टाँगेर बसेका छन्।


उक्त ठाउँमा ८० वर्षदेखि बस्दै आइरहेका सुब्बे मण्डलका छोरा जगवीर मण्डल भन्नुहुन्छ, “घरमा डोजर लगाएर घर भत्काइदियो। गाउँपालिकाको एउटा भवनमा एक दर्जन परिवारलाई राखिदिएको छ। न शौचालय छ, न गर्मीबाट बच्नका लागि पङ्खा। कति दिन छोराबुहारी सबै एउटै कोठामा सुत्ने हो। हामी सुकुमवासी नागरिक होइन ? अरूले गरेको भए स्थानीय सरकारसँग गुहार माग्न जान्थे तर

–बाँकी तीन पेजमा

**व्यवसायिक खेतिमा विषादीको कम प्रयोग**

कम विषादी, राम्रो बाली, स्वस्थ रहोस् हाम्रो थाली।
सजग किसान, सहि पहिचान, प्राकृतिक–अर्ग्यानिक खेती नै महान।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार**

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनःप्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।
- हरित पृथ्वी, सुरक्षित भविष्य।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## दुर्गा प्रसाईं वीरगञ्जबाट पक्राउ

वीरगञ्ज, ५ जेठ। पर्सा प्रहरीले ‘राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ’ अभियान नेपालका संयोजक दुर्गा प्रसाईंलाई पक्राउ गरेको छ। पर्सा प्रहरीका प्रवक्ता हरिबहादुर बस्नेतले संयोजक प्रसाईलाई आज राति ‘जरुरी पक्राउ पुर्जी’ दिएर सोधपुछका लागि नियन्त्रणमा लिएको जानकारी दिनुभयो। “संयोजक प्रसाईलाई आवश्यक सोधपुछ र अनुसन्धानका लागि जरुरी पक्राउ पुर्जी लिएर जिल्ला प्रहरी कार्यालय पर्सामा ल्याएका छौँ” उहाँले भन्नुभयो। प्रसाइँ सोमबार बिहान यहाँको गहवामाई मन्दिर परिसरमा हुन लागेको कार्यक्रमका लागि वीरगञ्ज आउनुभएको थियो।

# सम्पादकीय

## बार र बेन्चमा संयम तथा सहकार्य आवश्यक

परम्परा मिचेर गरिएको प्रधान न्यायाधीश सिफारिसले न्यायपालिकामा असहजता त देखिएकै थियो त्यसमा संसदीय सुनुवाइ पनि उत्तिकै अस्वाभाविक गतिमा सम्पन्न गरिँदैछ। यसबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को नियतमै सन्देह त बढाएकै छ संसदीय सुनुवाइकै पनि उपहास भएको छ। यद्यपि, यस्तो प्रवृत्ति अहिलेमात्रै देखिएको भने होइन। संवैधानिक प्रक्रिया र परम्परालाई आफ्नो स्वार्थका लागि दुरुपयोग गर्ने प्रवृत्ति सरकारमा पुगेका सबै दलमा देखिएको थियो। तर, यसभन्दा पहिले न्यायपालिकामा चरम विकृति भित्र्याउने श्रेयु भने खड्गप्रसाद ओली नेतृत्वको तत्कालीन नेपाल कम्युनिस्ट पार्टीलाई जान्छ। उनकै कार्यकालमा सुरु भएका विकृतिहरू अहिले बढ्दै गएको न हो।

ओलीकै कार्यकालमा बहालवाला प्रधान न्यायाधीश गोपाल पराजुलीलाई प्रशासनका कर्मचारी प्रयोग गरेर छापामार शैलीमा अवकाश दिइएको थियो। उनै ओलीको पार्टीको प्रचण्ड बहुमत भएकै बेला राजनीतिक पूर्वाग्रह राखेर प्रधान न्यायाधीशमा सिफारिस गरिएका दीपकराज जोशीलाई अनुमोदन नगरी फर्काइएको थियो। न्यायपालिकाको स्वतन्त्रता र मर्यादाको उपहास गर्ने ओलीकै पदचिह्नमा अहिले रास्वपा पनि अगाडि बढेको देखिएको छ।

सर्वोच्च अदालतको प्रशासनले अहिले सरकारको आडमा कायममुकायम प्रधान न्यायाधीशको आदेशको अवज्ञा गरेको देखियो। यस्तो रकमी अनुशासनहीन प्रवृत्तिले संस्थागत अराजकता बढाउँछ। अर्को प्रधान न्यायाधीश नियुक्त नहुँदासम्म वरिष्टतम न्यायाधीश सपना प्रधान मल्ल नै सर्वोच्च अदालतकी प्रमुख हुन्। उनको आदेशको औचित्य र न्यायिक धरातलको निरोपण न्यायाधीशहरूले मात्र गर्न सक्छन्। कायममुकायम प्रधान न्यायाधीश मल्लको आदेशका सम्बन्धमा प्रतिनिधि सभामा सत्तारुढ रास्वपाकै सांसदले प्रश्न उठाउनु शक्ति सन्तुलनका लागि संविधानमा गरिएको व्यवस्थामाथि अर्को प्रहार हो। निकै छोटो समयमा रास्वपाको सरकार र सदस्यहरू विधिको शासन, न्यायपालिकाको स्वतन्त्रता, शक्ति सन्तुलन र प्राकृतिक न्यायका सिद्धान्तहरूलाई निरस्त बनाउन सफलु देखिएका छन्।

सर्वोच्च अदालतमा कार्यपालिका र संसद्को संवैधानिक मान्यताविपरीतको हस्तक्षेपबाट सबैभन्दा ठूलो क्षति भने न्यायपालिकाकै भएको देखिन्छ। जनतामा खस्कँदै गएको न्यायपालिकाप्रतिको विश्वासमा यस प्रकारको हस्तक्षेपले निराशाजनक वितृष्णा उत्पन्न हुनसक्छ। अहिले देखाइएको उत्ताउलो हतार प्रस्तावित प्रधान न्यायाधीशलाई समेत असहज भएको हुनुपर्छ। न्यायपालिकाको साख फर्काउन झन् चुनौतीपूर्ण जो भएको छ।

न्यायपालिकामाथि ओलीका पालामा भएको प्रहारबाट नझस्किएकाहरू पनि अहिले झसङ्ग भएको हुनुपर्छ। तर, उतिबेला ओलीका गलत क्रियाकलापको सशक्त प्रतिवाद गरिएको भए सम्भवतः अहिलेको अराजकता देखिने थिएन। यस्तै, अहिलेको सरकारले देखाएको अराजक शैलीको आँखा चिम्लेर समर्थन गर्नेहरूले नै पनि त्यसको महँगो मूल्य चुकाउनुपर्ने हुनसक्छ। यस्तो विषम परिस्थितमा कानुन व्यवसायीको प्रतिनिधि संस्था नेपाल बार एसोसियसनले विरोध जनाउनु अपेक्षित र स्वाभाविकै हो। तर, दिउँसै लालटिन बालेर न्याय खोज्ने शैलीको जुलुसले अहिलेको सरकारलाई छुन्छ जस्तो भने देखिँदैन। यस्तो भद्र विरोधलाई त उनीहरूले 'तमासा'मात्र ठान्न सक्छन्।

साथै, बारको विरोधलाई प्रस्तावित प्रधान न्यायाधीशविरुद्धको अभियानका रूपमा अर्थ्याएर बेन्च र बारका बीचमा विवाद बढाउने खेल पनि सुरु हुनसक्छ। यसलाई बुझी दुवै पक्ष संयमित हुन र सहकार्यका लागि खुला रहनुपर्छ। न्यायपालिकाको साख समाप्त हुँदा आघात त बार र बेन्च दुवैले सहनुपर्छ। यसैले न्यायपालिकाको स्वतन्त्रता, गरिमा र मर्यादामा हुनसक्ने प्रहार आफूले सहेर पनि न्यायपालिकाको साख गिर्न नदिन नेपाल बार एसोसियसनले बढी गम्भीर तदारुकता देखाउनुपर्ने अवस्था आएको छ। सम्भवतः पञ्चायतकालमा समेत न्यायपालिकामा यस्तो सङ्कट देखिएको थिएन।

यस विषम परिस्थितमा न्यायपालिकाको विश्वसनीयता जोगाउन नसके लोकतन्त्र नै संकटमा पर्नेछ। विधिको शासनका पक्षधरहरू विशेषगरी बार र बेन्चका पदाधिकारीहरूको यसप्रति सजगता र गम्भीरता अपेक्षित छ।

# उपेक्षामा मधेशको संगीत

**पवन बराइली**

प्रविधिको उपलब्धताका कारण नेपालको संगीत क्षेत्र पछिल्लो समय सहभागिताको दृष्टिले केही हदसम्म समावेशी बन्दै गएको देखिन्छ तर, मधेशको संगीत र संगीतकर्मीहरू भने उल्लेखनीय रूपमा अझै पनि 'मूलधार' भनिने क्षेत्रमा समावेश भएको देखिन्न। मधेशको संगीतलाई 'अन्य'को स्थानमा राख्ने र मधेशका संगीतकर्मीहरूले नाघ्नुपर्ने संघर्षका उकाली–ओराली अरूको तुलनामा अझै पनि धेरै छ।

नेपाली संगीत क्षेत्रमा जब नयाँ गीत सार्वजनिक हुन्छ, त्यसको भाषा, लय, प्रस्तुति र अनुहार प्रायः एउटै शैलीका देखिन्छन्। त्यहाँ मैथिली, भोजपुरी, थारू, अवधी संगीत देखिन्न। म्युजिक भिडियो लन्चदेखि स्टुडियोमा नयाँ गीत रेकर्ड गर्दा मधेशको संगीत र संगीतकर्मी अझै पनि देखिन्न। जबकि करिब आधा नेपाल मधेशी भूमिमा बस्छन्। मधेशको संगीतले त्यहाँको समाजलाई पुस्ताैंदेखि एक ठाउँमा जुटाएर राखेको छ। तर, जब नेपाली संगीतको इतिहास लेखिन्छ, मधेशका संगीत र संगीतकर्मीहरूको योगदान ओझेल पारिन्छ।

**नेपाली संगीतमा मधेशको योगदान**

नेपाली संगीत बृहत्तर हुनुमा मधेशको संगीतको पनि महत्वपूर्ण भूमिका छ। साहित्यकार धीरेन्द्र प्रेमर्षीका अनुसार मिथिला क्षेत्रका संस्थापक राजा मान्यदेवले संगीतशास्त्र लेखेका थिए। पन्ध्रौँ शताब्दीमा पण्डित लोचनले नेपाल–मिथिलाको लोकसंगीत र राग निर्माण गरे। तर, यी योगदान आज प्रायः ओझेलमा छन्',उनी भन्छन्,'मिथिलामा संगीत मनोरञ्जन मात्र होइन, पूजा हो। मिथिला स्वायत्त राष्ट्रको रूपमा रहेको थियो र त्यसका गीत–संगीत राष्ट्रियतासँग जोडिएको थियो। तर, अहिले ती परम्परा ओझेल परे।

विगतमा गीत–संगीत र नृत्यजस्ता कलामा जीवन समर्पित गर्ने मानिसहरूलाई 'गाइने' वा 'बादी' भनेर होच्याइन्थ्यो। प्रेमर्षीका अनुसार मिथिलामा संगीतको आफ्नै परम्परा थियो, जसलाई निरन्तरता दिनेमा धेरैजसो ब्राह्मण समुदायका मानिस छन्। 'नेपाली भनेर भाषा र संस्कृतिको एक पक्षलाई मात्र मान्यता दिइयो। यसले अन्य भाषाभाषीका कलाकारहरूलाई ओझेलमा पारेको छ। मल्लकालमा मैथिली र नेवारीमा लेखिएका साहित्य छन्। तर, त्यो इतिहास नेपाली साहित्यमा समावेश गरिएको छैन,' उनी भन्छन्,'नेपाली भन्नेबित्तिकै खस भाषा र संस्कृति हुनुपर्ने बनाइयो। यसले अरू भाषाभाषी, कलाकार र स्रष्टाहरूलाई ओझेलमा पारेको छ। यसले स्वयं नेपाललाई संकुचित र संकीर्ण बनाएको छ। नेपालको इतिहास नै खुम्च्याइदिएको छ।'

संगीतज्ञ बुलु मुकारुङका अनुसार २००७ सालतिर परिवर्तनकारी गीतको चर्चा हुँदा गायिका रानुदेवी अधिकारी र गीतकार तारणीप्रसाद कोइरालाको मात्रै नाम लिइन्छ, तर ती गीतका संगीतकार कालुराम मण्डल र हिरालाल मण्डलको योगदानबारे चर्चै हुँदैन। 'कालुराम मण्डल र हिरालाल मण्डलले परिवर्तनकारी गीतका संगीत भरेका थिए। तर, नेपाली संगीतको इतिहासमा उनीहरूको खोज, योगदान र पहिचानलाई समेटिएको पाइँदैन,' उनी भन्छन् 'क्रान्तिकारी गीत गाउने र लेख्नेहरूको नाम इतिहासमा आयो, तर संगीत सिर्जना गर्नेहरू सधैँ ओझेलमा परे।'

नेपाली संगीतमा मधेशबाट उदाएका संगीतकर्मीहरूको पनि ठुलो योगदान छ। उदितनारायण झा, रामा मण्डल, सीताराम ताजपुरियालगायतका कलाकारले नेपाली संगीतमा उल्लेखनीय काम गरे। उनीहरूले नेपाली मात्र नभएर विभिन्न भाषामा गीत गाएर सांगीतिक क्षेत्रलाई समृद्ध बनाए। मुकारुङका अनुसार नेपाली संगीत क्षेत्रमा पहाडी समुदायको वर्चस्व र राजनीतिक प्रभावका कारण अवसरको पहुँच असन्तुलित बन्यो। 'संगीतमा अवसर मुख्यतः पहाडी समुदायले पाएको देखिन्छ। मधेशका स्रष्टा र संगीत पर्याप्त रूपमा प्रतिनिधित्व हुन सकेनन्,' उनी भन्छन्।

संगीत क्षेत्रमा पहिचान बनाउने गायकमध्ये अग्रपंक्तिमा पर्छन्, रामा मण्डल। उनका धेरै गीत रेडियो नेपालमा लोकप्रिय बने, जसमा फिल्म गोपीकृष्णको 'कहाँ छ कहाँ॥।' बोलको गीत विशेष चर्चित छ। उनले एक सयभन्दा धेरै चलचित्रका गीतमा स्वर दिएका छन्। उनले नेपाली, मैथिली, भोजपुरी, थारू, अवधी, नेवारी तथा हिन्दी भाषामा गीत गाएका छन्। यति धेरै योगदान हुँदाहुँदै पनि सार्वजनिक सांगीतिक समारोहमा उनको नाम र योगदानबारे खासै चर्चा हुँदैन। हाल उनी विराटनगरमा बसेर संगीत यात्रालाई निरन्तरता दिइरहेका छन्।

गायक तथा संगीतकार सीताराम ताजपुरियाले पनि रेडियो नेपालमा ३५ वर्ष काम गरे। 'गौरादहको बजारैमा॥।', 'ढाकरै बोकी टेकुवा टेकि ठ्याक्कै ठ्याक्कै ठ्याक्कै॥।', छिटको सारी॥।'जस्ता उनका गीत निकै चर्चित बने। उनले पनि दर्जनौँ भोजपुरी मैथिली गीत गाएका छन्। तर, अहिले उनी सांगीतिक कार्यक्रमहरूमा कमै देखिन्छन्।

मधेशी मूलका गायक उदितनारायण झा अहिले बलिउड संगीत क्षेत्रमा सक्रिय छन्। पछिल्लो पुस्ताकी गायिका अनु चौधरीलगायत कलाकार सक्रिय रहे पनि नेपालको आधुनिक संगीतमा मधेशी अनुहार र आवाजको उपस्थिति अझै पनि उल्लेखनीय रूपमा देखिँदैन।

'लोक स्टार' कार्यक्रममा रविराज शाह र सुष्मा झाले गलबन्दी च्यातियो गीत गाएका थिए। शाहले इन्द्रेणी कार्यक्रममा झलकमान गन्धर्भको गीत गाएका थिए। मधेशी मूलकी गायिका मुना सोरेन नेपाल आइडलमा सहभागी भएकी थिइन्। तर, नेपाल आइडल, द भ्वाइस अफ नेपालजस्ता सांगीतिक रियालिटी सोहरूमा मधेशी समुदायको उपस्थिति अत्यन्त न्यून देखिन्छ।

म्युजिक नेपाल र ओएसआर डिजिटलजस्ता युट्युब च्यालनमा पनि मधेशका गीत वा मधेशी कलाकारका प्रस्तुति तुलनात्मक रूपमा कम देखिन्छन्। प्रिज्म रेकर्डिङ स्टुडियोका श्यामश्वेत रसाइली काठमाडौंका रेकर्डिङ स्टुडियोमा मधेशका संगीतकर्मीका गीतहरू कमै रेकर्ड हुने बताउँछन्। 'मधेशका संगीतकर्मीहरू औँलाले गन्न सक्ने मात्रै छन्। निश्चित ठाउँमा मैथिली, भोजपुरी वा अवधी भाषाका गीत रेकर्ड भए पनि उल्लेख्य रूपमा नेपाली संगीतमा उपस्थिति देखिँदैन', उनी भन्छन्, 'जसरी पूर्व, पश्चिमका लवजमा गीतहरू बन्छन्, मधेशी लवजका गीतहरू खासै बन्दैनन्।'

पहाडी मूलका गायक–गायिकाका गीतले युट्युब र सामाजिक सञ्जालमा करोडौँ दर्शक पाउँदा त्यसको व्यापक चर्चा हुन्छ। रेडियो, टेलिभिजन तथा विभिन्न अवार्ड समारोहमा पनि उनीहरूको उल्लेखनीय उपस्थिति रहन्छ। तर, मधेशका कलाकारका गीतले लाखौँ दर्शक पाए पनि ती गीत र संगीतकर्मीले मूलधारका सञ्चारमाध्यम तथा अवार्ड समारोहमा अपेक्षित स्थान पाएको देखिँदैन। यसले नेपाली संगीत क्षेत्रमा सांस्कृतिक असन्तुलन र प्रतिनिधित्वको अभावलाई स्पष्ट रूपमा देखाउँछ।

नेपाली संगीतमा पहाडी संस्कृतिको प्रभुत्व बढी देखिन्छ। तराई–मधेशका संस्कृति र परम्पराले अपेक्षित स्थान पाउन सकेका छैनन्। मधेशमा थुप्रै प्रतिभाशाली संगीतकर्मी जन्मिए पनि पहुँच अभाव र उपेक्षाका कारण उनीहरू सधैँ ओझेलमा पर्छन् । मधेशी समुदायलाई राज्यले नीतिगत रूपमै लामो समयदेखि मूलधारबाट अलग राख्दै आएको अनुभूति विभिन्न क्षेत्रमा जस्तै संगीत क्षेत्रमा पनि देखिन्छ। नेपाली संगीत क्षेत्रमा एउटा पनि चर्चित मधेशी नाम सहज रूपमा नसुनिनु केवल संयोग मात्र होइन, यसले संरचनागत असमानता र उपेक्षालाई संकेत गर्छ।

संगीत अन्वेषक रामशरण दर्नालले आफ्नो पुस्तक 'संगीत परिक्रमा'मा लेखेका छन्,'तराई क्षेत्र प्राचीनकालदेखि विविध संगीतले परिपूर्ण रहिआएको छ। यहाँ परम्परागत गीतदेखि लिएर संस्कार गीत, ऋतुगीत, धार्मिकगीत, विरहगीत र लोकगीतका अनेकौँ नमुना देख्न सकिन्छ। गीतमा मात्र होइन, बाजामा पनि यहाँ विविधता पाइन्छ। यसैले नेपाल तराईको भित्री मधेशसम्म जनजीवनका चलेका गीत, बाजा र नाचहरू संकलन गरिनुपर्छ।'

दर्नालको यो टिप्पणीले मधेशको संगीत परम्परा केवल क्षेत्रीय विषय नभई राष्ट्रिय सांस्कृतिक सम्पदा भएको संकेत गर्छ। तर, विडम्बना त्यही मधेशी समुदायको संगीतकर्मीबारे कहिले चर्चा हुँदैन। पछिल्लो समय केही मधेशी युवा कलाकारले डिजिटल प्लाटफर्ममार्फत आफ्नो उपस्थिति बलियो बनाउन थालेका छन्। युट्युब, टिकटकलगायत सामाजिक सञ्जालमा मैथिली र भोजपुरी गीतले लाखौँ दर्शक पाउन थालेका छन्। उदाहरणका लागि 'जनचेतना'लाई लिन सकिन्छ। जनकपुरका डिके सागर र वीरेन्द्र केशरीलगायत कलाकारले गाएको च्याप गीतले दुई करोडभन्दा धेरै भ्युज बटुलेको छ। उनको गीत भारतीय सहरमा समेत निकै चर्चित भएको थियो। तर, विडम्बना यस्ता गीतलाई नेपाली 'मूलधार'को संगीत क्षेत्रले चिनेन।

संगीत उद्योगमा मधेशका गायक, संगीतकारले अपेक्षित स्थान पाउन नसकेको संगीतकर्मीको अनुभव छ संगीतकर्मीहरूका अनुसार यसको मुख्य कारण काठमाडौंकेन्द्रित संगीत बजार, भाषिक विभाजन र पहुँचको असमानता हो। नेपाली संगीत उद्योगमा नेपाली गीत भन्नासाथ अझै पनि खस–आर्य सांस्कृतिक संरचनामा आधारित गीतलाई प्राथमिकता दिने प्रवृत्ति छ।

गायक तथा संगीतकार रामा मण्डलका अनुसार नेपाली संगीतमा अवसरको अभावसँगै सामाजिक विभेद पनि मधेशी संगीतकर्मीले भोग्दै आएका छन्। मधेशी समुदायका लागि सांगीतिक मूलधारमा प्रवेश गर्न अझै पनि कठिन छ। उनका अनुसार काठमाडौंमा आएर मधेशका संगीतकर्मी स्थापित हुन आर्थिक र सामाजिक रूपमा अत्यन्तै गाह्रो छ। उनको अनुभवले भन्छ, काठमाडौंमा अझै पनि मधेशी मूलका कलाकारलाई फरक दृष्टिले हेर्ने प्रवृत्ति कायम छ। छालाको रङ र बोल्ने लवजका आधारमा हुने विभेदले गर्दा मधेशी कलाकारलाई अन्य समुदायका कलाकारभन्दा बढी संघर्ष गर्नुपर्ने अवस्था छ। 'आर्थिक रूपमा विपन्न कलाकारलाई काठमाडौंमा बसेर संगीत सिक्न र संघर्ष गर्न असम्भवजस्तै छ,' उनी भन्छन्,'आफ्नो पेट पाल्ने कि संगीतमा लाग्ने भन्ने बाध्यताका बिच धेरै मधेशी प्रतिभा पलायन हुनुपर्ने बाध्यता छ।'

**चुनौतीहरू**

रामा मण्डलले रेडियो नेपालमा २२ वर्ष काम गरे। उनी बिहान ९ देखि ५ बजेसम्म रेडियो नेपालमा काम गर्ने र राति अबेरसम्म होटेलहरूमा गजल गाएर आफ्नो सांगीतिक यात्रालाई निरन्तरता दिए। काठमाडौंमा बस्ने–खाने ठेगान नहुनु र मैथिली भाषा बोल्दा जिस्क्याइनुले मधेशी कलाकारहरूको संघर्षलाई थप कष्टकर बनाउने गरेको उनी सम्झिन्छन्। 'काठमाडौंमा अझै पनि मधेशी हुनु नै एउटा अलग परिचयजस्तो बनाइन्छ। रङ, भाषा र उच्चारणका आधारमा हेपिने अवस्था छ। त्यसैले मूलधारको नेपाली संगीतमा स्थापित हुन हामीले

–बाँकी तीन पेजमा

## उपेक्षामा ....

दोब्बर संघर्ष गर्नुपर्छ,' उनी भन्छन्।

गायक तथा संगीतकार सीताराम ताजपुरियाको अनुभवमा मधेशका कलाकारले प्रायः हेपिएको अनुभूति गर्नुपर्छ। 'रेडियो नेपालमा आउँदा पनि हामीसँग हाम्रो आफ्नै मान्छे कोही थिएन', उनी सम्झिन्छन्, 'संगीतको बाटो सजिलो थिएन। राम थापा र पाण्डव सुनुवारको सहयोगले मेरो यात्रा सम्भव भयो।' मधेशका संगीतकर्मीहरूलाई मूलधारमा आउन सबैभन्दा ठुलो बाधा भाषा र लवजले पारेको संगीतकार अर्जुन पोखरेलको बुझाइ छ। संगीतकार पोखरेलका अनुसार उनीहरूमा मैथिली वा भोजपुरी लवजको प्रभाव भएकाले नेपाली भाषाले त्यस्तो लवजलाई सहजै स्वीकार नगर्ने हुँदा संगीतमा मधेशी समुदायले संघर्ष गर्न गाह्रो भएको हो।'नेपालको संगीत उद्योग लामो समयदेखि काठमाडौंकेन्द्रित छ। जसको पहुँच काठमाडौंसम्म भयो, उसैले अवसर पाउने अवस्था बन्यो। मधेशमा धेरै प्रतिभा छन्, तर उनीहरूलाई राष्ट्रिय प्लाटफर्मसम्म ल्याउने संरचना कमजोर छ।'

**कसलाई भन्ने मूलधार?**

लेखक तथा अभिनेता रमेश रञ्जन झा 'मूलधार' शब्दलाई दम्भको प्रदर्शनको रूपमा व्याख्या गर्छन्। उनको विचारमा मूलधार भन्नु अर्कोको अस्तित्व अस्वीकार गर्नु हो। उनले कमजोर स्वीकारोक्तिको संस्कार भएको समुदाय र संस्कृतिभित्रबाट 'मूलधार'जस्तो शब्द जन्मिने बताए। 'यसले आफूलाई मात्रै योग्य ठान्छ र अरूलाई टाढा राख्छ', उनी भन्छन्,'मूलधार शब्दले तिमी योग्य छैनौ, हामीसँग प्रतिस्पर्धा गर्न सक्दैनौ भन्ने सन्देश दिन्छ।'

उनका अनुसार यस्तो प्रवृत्ति संगीत क्षेत्रलगायत विभिन्न क्षेत्रमा देखिन्छ। 'मूलधार' शब्दले वास्तवमा सत्ताको प्रतिनिधित्व गर्ने उनको बुझाइ छ। 'कुनै समुदायमा सत्ताको दम्भ हुन्छ। उनीहरू आफूलाई शासक र अरूलाई प्रजा ठान्छन्,' उनी भन्छन्। उनले नेपालमा गणतन्त्र आए पनि समाजको मनोविज्ञान परिवर्तन हुन नसकेको टिप्पणी गरे। भन्छन्, 'राजनीतिक व्यवस्था फेरिए पनि सोच उस्तै छ। यही मानसिकताले 'मूलधार' भन्ने शब्द प्रयोग गरिरहेको छ।' झाका अनुसार देशमा एउटा भाषालाई मात्रै प्राथमिकता दिँदा अन्य भाषामाथि अन्याय भइरहेको छ। त्यही भाषाका वक्ता, स्रष्टा र सर्जकले बढी अवसर र स्थान पाउँछन्। राज्यले पनि उनीहरूलाई सहयोग गर्छ, जसका कारण उनीहरूको वर्चस्व स्थापित हुन्छ। ठुलो समुदायबाट मात्रै उत्कृष्ट सिर्जना हुन्छ भन्ने मान्यता गलत रहेको उनी बताउँछन्। राज्यको चरित्र परिवर्तन गर्न आवश्यक रहेको धारणा उनी राख्छन्। 'हाम्रो देशमा विविध भाषा र संस्कृतिमा भएका सिर्जनाको उचित मूल्यांकन हुन सकेको छैन। हामीले एकअर्कालाई समकक्षी रूपमा स्वीकार गर्न सकेका छैनौँ,', उनी भन्छन्, 'अरूको अस्तित्व अस्वीकार गर्ने मनोविज्ञान अझै जीवित छ।'

मधेशको कथामा फिल्म बन्दा पनि चरित्र र गीत गाउन मधेशकै कलाकारलाई अवसर दिनुको सट्टा पहाडी मूलकै कलाकारलाई दिइन्छ। यसले गर्दा मधेशी कलाकारहरू अवसरबाट वञ्चित भइरहेका छन्। पहाडी लोकगीतले मात्र नेपाली लोकगीतको परिचय बोक्नु संगीतको कमजोर पक्ष मान्छन्, संगीतकार अर्जुन पोखरेल। उनका अनुसार मधेशको परिवेशमा सिनेमा बनाए पनि त्यसको प्रचार–प्रसार र गीत–संगीत फेरि पहाडी मूलको शैलीमै सिर्जना भइरहेका छन्। उदाहरणका लागि चलचित्र 'लालीबजार'लाई लिन सकिन्छ। चलचित्र बादी समुदायको कथामा आधारित बने पनि संगीत पहाडिया ढाँचामा छ। तर, त्यहाँ उनीहरूको आफ्नै मौलिक लोकभाका, गायनशैली र सांगीतिक प्रस्तुति देखाइएको छैन। उनी भन्छन्, 'बादी समुदायको आफ्नै स्वर, लय र सांगीतिक परम्परा छ। उनीहरूले गाउने शैलीअनुसारका गीतहरू बन्न आवश्यक थियो। तर, फेरि पनि पहाडिया नेपाली लोकगीतकै ढाँचामा उनीहरूलाई प्रस्तुत गर्‍यौँ।'

**ओझेलमा मधेशका वाद्यवादन**

मधेशका लोकगीतले रेडियो नेपाल, तथा 'मूलधार'का सञ्चारमाध्यममा पर्याप्त स्थान पाउन सकेका छैनन्। वाद्यवादनको क्षेत्रमा पनि सारंगी, मादलजस्ता पहाडी वाद्य बज्नुलाई मात्र 'नेपाली संगीत' मान्ने प्रवृत्ति हावी छ। जसले मधेशका परम्परागत वाद्यवादक र सांगीतिक शैलीहरू 'मूलधार'बाट टाढै रहेका छन्। मुकारुङका अनुसार मधेशको संगीत त्यहाँका संस्कार, जात्रा, पर्व, भाषा र जीवनशैलीसँग गहिरो रूपमा जोडिएको छ। भन्छन्,'नेपाली संगीत यति विशाल हुनुमा मधेशको संस्कृति, सभ्यता र बाजागाजाको पनि ठुलो योगदान छ। तर, मधेशका बाजा र सांगीतिक परम्परा अझै पनि ओझेलमै छन्।'

मूलधारको संगीतमा स्थान बनाउनका लागि मिहिनेत र साधना ९तपस्या० को ठूलो भूमिका हुन्छ, तर धेरै कलाकार मिहिनेत गर्न नचाहने र हिन्दी गीतको ट्र्याकमा मैथिली वा भोजपुरी गीत गाएर छिटो चर्चा खोज्ने प्रवृत्तिका कारण लामो समय टिक्न नसकेको रामा मण्डलको बुझाइ छ। रेडियो नेपालजस्ता सरकारी निकायमा भोइस टेस्ट पास गर्नुपर्ने कडा नियम थिए, जहाँ धेरै मधेशी गायक–गायिका पुग्न सकेनन्। अहिले अन्य कलाकारजस्तै मधेशका कलाकारहरूमा पनि मिहिनेत गर्ने र सिक्ने प्रवृत्ति कम भएकाले सांगीतिक गुणस्तरमा ह्रास आएको उनी ठान्छन्। नयाँ पुस्ताले पर्याप्त समय दिएर साधना गर्नु नै यसलाई निखार्ने पहिलो सर्त हो। मधेशको संगीतमा अहिले हिन्दी गीतको धुन चोरेर त्यसमा मैथिली वा भोजपुरी शब्द हाल्ने प्रवृत्ति हावी देख्छन् उनी। उनी भन्छन्,'यस्तो कार्यले संगीतलाई धुमिल पारिरहेको छ। यस भण्डारलाई निखार्नका लागि आफ्नै मौलिक धुन र संगीत सिर्जना गर्नुपर्छ। मैथिली भाषा आफैँमा एउटा महासागर हो। यो सागरबाट मौलिक लोकधुनलाई सही ढंगले बाहिर ल्याउन सकेमा मधेशको संगीत जोगिन्छ।'

नेपाल संगीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका पूर्वउपकुलपति शम्भु राई मधेशको भाषा, संस्कृति र संगीतको व्यापक विस्तारका लागि प्रतिष्ठानहरूले अपेक्षित चासो नदिएको बताउँछन्। भन्छन्, 'मैथिली र भोजपुरी गीत–संगीतप्रति पर्याप्त रुचि र प्रोत्साहन देखिएको छैन। मधेशका कला–संस्कृतिलाई राष्ट्रियस्तरमा स्थापित गर्न सरकारी तहबाट सम्मानजनक दृष्टिकोण अपनाइनुपर्छ।' (नयाँ पत्रिकाबाट)

## सुकुमवासी दलित ...

स्थानीय सरकारले नै बर्सातको समयमा बिच्चली बनाएपछि कहाँ जाने ? कसलाई पुकार्ने आँखाबाट आसु सुक्दैन। यस्तो दिन आउला भने सोचेका थिएनौँ।"

सोही ठाउँका रामचन्द्र रजकका २२ वर्षीय छोरा लालबाबु रजकको घर भत्काउन डोजर लगाएको दृश्य देखेर आँखाबाट आँसु झरिरहेको छ। लालबाबुकी आमा अमिरिका रजकले भन्नुभयो, "मेरो परिवारमा त ठुलो विपत्ति नै आयो। खाने अन्न छैन। छिमेकीसँग मागेर खानु परेको छ। छोराको उपचार कहाँ गएर गराउने ? पानी परेका बेला अर्काको बरन्डामा चार दिनदेखि ओत लिइरहेका छौँ।"

नवराजपुर गाउँपालिका–४, नवकी टोल नहरनियाँका ओली मोहम्मद, तपेश्वरी यादव मुनिलाल यादव, सुब्बे मण्डल, शिवराम मोची, भोगेन्द्र खत्वे, बिसुनियाँ खत्वेलगायत ५० घरपरिवार यतिबेला बिचल्लीमा परेको अर्का स्थानीय जयनारायण यादवले सुनाउनुभयो। उहाँले भन्नुभयो, "दलित विपन्न परिवारलाई सरकार संरक्षक हुनुपर्नेमा घरमा डोजर लगाएर बेघर बनाएपछि अब कहाँ जाने ?"

सिराहाको १७ वटै पालिकामा बाढीको जोखिममा रहेका सुकुमवासी बस्ती खाली गराउन प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा निर्णय भए पनि दलित र विपन्नको व्यवस्थापनबिना घर भत्काउन नहुने निर्णयविपरीत विपन्न दलितलाई बर्सातको समयमा बिचल्ली बनाउने कार्य मानव अधिकारको हनन नै भएको मानव अधिकारवादी राजकुमार राउतले बताउनुभयो।

सिराहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले नहरनियाँमा दलितको घर भत्काएको विषयमा नवराजपुर गाउँपालिकाले कुनै समन्वय नगरेको बताउनुभयो। उहाँले विकल्पबिना घर भत्काउने कुनै निर्णय पनि नभएको भन्दै यसबारे बुझेर स्पष्ट गर्ने बताउनुभयो।

# मौलापुरकी मेयर रिना साहले दिइन् नगरपालिकामा ताल्चा लगाउन बाध्य हुने चेतावनी



काठमाडौँ, ५ जेठ। रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले प्रधानमन्त्री वालेन्द्र शाहलाई मौलापुर नगरपालिकामा भइरहेको गैरकानूनी हस्तक्षेप तत्काल बन्द नगरे नगरपालिकामा ताल्चा लगाउन बाध्य हुने चेतावनी दिएकी छिन्। एक प्रेस वक्तव्य जारी गर्दै मेयर साहले मौलापुर नगरपालिकामा भइरहेको गैरकानूनी हस्तक्षेप बन्द गरी संविधान र कानूनअनुसार कार्य सञ्चालन गर्न आवश्यक निर्देशन दिनको लागि प्रधानमन्त्री शाहसमक्ष अनुरोध गरेकी हुन्। अन्यथा नगरपालिकामा ताल्चा लगाउन बाध्य हुने उनको चेतावनी छ।

मेयर साहले आफूले मौलापुर नगरपालिकामा विद्युत्, खानेपानी तथा "छोरीसँग मेयर कार्यक्रम" अन्तर्गत छोरीको विवाह सहयोग रकम भुक्तानीको विषयलाई लिएर भइरहेको आन्दोलनप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेकी छिन्। उनले वक्तव्यमा भनेकी छिन्,"नगरसभाबाट पारित बजेट, नीति तथा कार्यक्रमअनुसार "फ्री बिजुली, फ्री पानी" कार्यक्रमअन्तर्गत सम्पूर्ण नगरवासीका घरायसी तथा सिँचाइ प्रयोजनका मिटरहरूको शुल्क भुक्तानीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। त्यसैगरी, "छोरीसँग मेयर कार्यक्रम" अन्तर्गत प्रत्येक छोरीको विवाहमा आर्थिक सहयोग उपलब्ध गराउन आवश्यक रकम सुनिश्चित गरिएको छ। नगरको गौरवका रूपमा स्थापित यी जनप्रिय कार्यक्रमप्रति नगरपालिका पूर्ण रूपमा सकारात्मक रहेको र यसको प्रभावकारी कार्यान्वयन तथा निरन्तरताप्रति प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु।"

उनले यो चालु आर्थिक वर्षको सुरुमा तत्कालीन कांग्रेस–एमालेको केपी शर्मा ओली नेतृत्वको सरकारले पठाएको हाकिम (प्रमुख प्रशासकीय अधिकृत) महिनौंसम्म हाजिर नभएको र त्यसपछि जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारको अस्पष्ट निर्देशन तथा आचारसंहिताको कारण भुक्तानीमा ढिलाइ भएको विषय पनि स्पष्ट पारेकी छिन्। हाल आम निर्वाचनपश्चात् गठित वालेन्द्र शाह नेतृत्वको नयाँ सरकारले पठाएको प्रमुख प्रशासकीय अधिकृतसमेत कार्यालयमा नियमित रूपमा उपस्थित् नभएको उनको आरोप छ। उनले प्रमुख प्रशासकीय अधिकृतले बैंक खाता नै खोल्न तयार नभएको पनि आरोप लगाएकी छिन्। उनले थपिन्,"लामो समयसम्म बैंक खाता सञ्चालन प्रक्रिया अवरुद्ध हुने अर्थात् खाता नै नखोल्ने तथा भुक्तानी प्रक्रियालाई सहजीकरण गर्न पटक–पटक निर्देशन दिँदा पनि विभिन्न बहानामा ढिलाइ भइरहेको विषय अत्यन्त गम्भीर छ। बजेट कार्यान्वयनको महत्त्वपूर्ण समयमा नगरपालिकालाई गत्यवरोध गर्ने प्रयास हुनु दुर्भाग्यपूर्ण हो।"

स्थानीय तहलाई संविधान र कानुनअनुसार सञ्चालन तथा नियमन गर्ने दायित्व बोकेको नेपाल सरकारले स्थानीय सरकारको कामकारबाहीलाई सहजीकरण गर्नुको सट्टा कर्मचारीतन्त्रमार्फत अनावश्यक हस्तक्षेप गर्नु दुःखद विषय भएको मेयर साहको भनाइ छ। उनले अगाडि भनेकी छिन "सरकारले आफूखुसी कर्मचारी खटाउने, ती कर्मचारीहरूले निर्वाचित जनप्रतिनिधिको निर्देशन अवज्ञा गर्ने, नगरसभाबाट पारित कार्यक्रमहरूको भुक्तानीसमेत "माथिको आदेश" भन्दै रोक्ने, सशर्त बजेट कार्यान्वयनमा अनावश्यक अवरोध सिर्जना गर्ने तथा योजना कार्यान्वयनमा ढिलासुस्ती गर्नेजस्ता गतिविधिले स्थानीय स्वायत्ततामाथि प्रश्न उठाएको छ।"

अहिले मौलापुर नगरपालिकामा भएका पछिल्ला घटनाक्रमहरूले गम्भीर प्रश्न खडा गरेको उल्लेख गर्दै प्रश्न गरेकी छिन "के मौलापुर नगरपालिका बन्द गर्नुपर्ने हो? होइन भन्ने मौलापुर नगरपालिकामा भइरहेको गैरकानुनी हस्तक्षेप तत्काल बन्द गर्नुस्। अन्यथा नगरपालिकामा ताल्चा लगाउन हामी बाध्य हुनेछौँ।"

# सप्तरीमा फुटपाथ अतिक्रमणले सडक जोखिम बढ्यो




**देवराम यादव**

सप्तरी, ५ जेठ। राजविराज नगरपालिका सहित जिल्लाका विभिन्न चौकहरूमा बिच सडकमा तरकारी हटिया, जथाभावी पार्किङ तथा फुटपाथ अतिक्रमणका कारण सडक जोखिम बढ्दै गएको छ। यसले सवारी दुर्घटनाको जोखिम समेत बढाएको छ। सडकमा जथाभावी पार्किङ, फुटपाथमा साइनबोर्ड, पसल तथा हाटबजार सञ्चालन गर्ने प्रवृत्तिका कारण दुर्घटनाको जोखिम बढेको स्थानीयले बताएका छन्। राजविराजस्थित अदालत रोडमा जिल्ला अदालतदेखि राम मन्दिरसम्म सडकमै पार्किङ गर्ने र तरकारी पसल थाप्ने प्रवृत्तिले दैनिक रूपमा सडक अव्यवस्थित हुने गरेको छ।

त्यस्तै मेनरोडस्थित नेता चौकदेखि हनुमाननगर रोडको मोडसम्म र राम मन्दिरदेखि नेता चौकसम्मको सिरहा रोडमा दैनिक जाम लाग्ने गरेको तथा पैदल यात्रुलाई समेत हिँड्न कठिन भएको सुभाषचन्द्र यादवले बताउनुभयो। उहाँका अनुसार नगरपालिकाले हालसम्म पार्किङका लागि उपयुक्त स्थान निर्धारण गर्न नसक्दा तथा फुटपाथ व्यवसायीको व्यवस्थापन नहुँदा समस्या झन् बढेको हो। यसैगरी, जिल्लाभरिबाट आउने इ–रिक्साका कारण पनि सडकमा जाम बढ्ने गरेको स्थानीयको भनाइ छ। इ–रिक्साका लागि छुट्टै पार्किङ स्थान तोक्न आवश्यक रहेको उनीहरूले बताएका छन्।

पटक–पटक ट्राफिक व्यवस्थापनका लागि आवाज उठाइए पनि कार्यान्वयन नहुँदा

# श्री गोपाल सरयुग नायक जनता मा.वि. भेडिया

**कल्याणपुर न.पा.-७, भेडिया (सिरहा)**

**मधेश प्रदेश, नेपाल**

**विज्ञापन सम्बन्धमा**

**मिति : २०८३।०२।०१**

श्री यो जो जस संग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८३।०१।१८ गतेको निर्णय कल्याणपुर नगरपालिका कल्याणपुर (सिरहा) को च.नं. १९९२ मिति २०८३।०१।२१ को सिफारिस शिक्षा विकास तथा समन्वय इकाइ सिरहाको च.नं. १२७९ मिति २०८३।०१।२३ को अनुमति पत्र बमोजिम यस विद्यालयलाई प्राप्त मा.वि. संघीय शिक्षण सहयोग अनुदान-१ मा खुल्ला प्रतिस्पर्धाबाट गणित विषय शिक्षक (करार) नियुक्त गर्नु पर्ने भएकोले तपसिल बमोजिमको शर्त/बन्देज भित्र रही इच्छुक सुयोग्य उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | मा.शि. (संघीय शिक्षण अनुदान) | गणित | १ (एक) | सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण |

१. उमेर : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको।
२. आवश्यक कागजातहरु
- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपिहरु २/२ प्रति
- अध्यापन अनुमति-पत्रको प्रतिलिपि २ प्रति
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि २ प्रति
- पासपोर्ट साईजको फोटो २ प्रति
- हस्तलिखित निवेदन १ प्रति
- परीक्षा दस्तुर बुझाएको भौचर।
- सबै कागजातहरु संलग्न फायल २ प्रीत।

३. दरखास्त दिने मिति २०८३।०२।०१ गते देखि २०८३।०२।१५ गते सम्म
४. दरखास्त दिने समय र स्थान : कार्यालय समयभित्र विद्यालय प्रशासन शाखा
५. परीक्षाको किसिम : लिलिखत, अन्तरवार्ता, आवश्यकतानुसार कक्षा शिक्षण समेत
६. परीता दस्तुर रु. २१००/-
७. परीक्षा मिति, समय र स्थान : सम्पर्क मितिमा तोकिने छ।
८. सम्पर्क मिति : २०८३।०२।१८
९. रीत नपुगेको आवेदनमाथि कुनै कारवाही हुने छैन।
सम्पर्क नं. ९८१९९६४५०७, ९८१६८०१९२४

**विनय कुमार यादव**
प्रधानाध्यापक
श्री गा.स.ना.ज.मा.वि. भेडिया


# राष्ट्रपतिसमक्ष प्रधानन्यायाधीश शर्माले लिनुभयो पद तथा गोपनीयताको शपथ



काठमाडौँ, ५ जेठ। राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। मंगलबार राष्ट्रपति कार्यालयमा आयोजित विशेष समारोहमा राष्ट्रपतिसमक्ष उहाँले शपथ ग्रहण गर्नुभएको हो। नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले मंगलबार नै शर्मालाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको हो।

संवैधानिक परिषद्को २०८३ वैशाख २४ गतेको निर्णय बमोजिम नेपालको प्रधानन्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस हुनुभएका सर्वोच्च अदालतका न्यायाधीश डा. शर्मालाई संसदीय समितिले मंगलबार सर्वसम्मत अनुमोदन गरेको थियो। प्रधानन्यायाधीशको नियुक्ती लगत्तै उहाँले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको हो। राष्ट्रपति कार्यालयमा आयोजित शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालसँगै कुटनीतिक नियोगका प्रमुख र विशिष्ट कर्मचारीलगायतको उपस्थिति थियो।


हिंसाले भत्काउछ सम्बन्ध सारा, मायाले जोडछ परिवार सारा।आदर बढाऔं, रिस घटाऔं, महिला हिंसा रहित सुन्दर परिवार बनाऔं।

**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**



छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।


# जग्गा दान गरेर नगर प्रमुखद्वारा प्रशासनिक भवन निर्माण

रौतहट, ५ जेठ। रौतहटको माधवनारायण नगरपालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भएको छ। सोही नगरपालिकाका नगर प्रमुख वैजनाथप्रसाद यादवले जग्गा दान दिएपछि नगरपालिकाको सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण भएको हो। विगत नौ वर्षदेखि भाडाको घरमा रहेको नगरपालिकाको कार्यालय यस वर्ष भने आफ्नै भवनमा सरेको छ। भवन निर्माणका लागि नगरप्रमुख यादवले माधवनारायण नगरपालिका-६ माधोपुर बजारमा आफ्नो नामको पाँच कट्ठा र आफैँले सञ्चालन गरेको मठको नाममा रहेको पाँच कट्ठा जमिन नगरपालिकाको भवन निर्माणका लागि उहाँले दान गर्नुभएको थियो।

नगर प्रमुख यादवले १० कट्ठा जग्गा नगरपालिकाका नाममा दर्ता गराएर प्रशासनिक भवन निर्माण गरिएको बताउनुभयो। सोही भवनबाट नगरपालिकाको सम्पूर्ण सेवा प्रवाह हुँदै आएको छ। उक्त प्रशासनिक भवनबाट सबै विषयगत शाखा, प्राविधिक, कार्यसमितिलगायत सेवा एउटै स्थानबाट सञ्चालन भइरहेको छ।

नगर प्रमुख यादवले नगरको दीर्घकालीन विकास र सेवाग्राहीलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले जग्गा दान गरेको बताउनुभयो। उक्त भवन माधवनारायण नगरपालिकाले करिब रु ६ करोड र सहरी विकाश मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधार विभागबाट आधा अनुदान रु ६ करोडको लागतमा निर्माण सम्पन्न भएको नगरपालिकाका इन्जिनियर नागेन्द्र यादवले जानकारी दिनुभयो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषिकेश रेग्मीले नगरपालिकामा जनप्रतिनिधि र कर्मचारीबीच सहकार्य रहेको बताउनुभयो। प्रशासनिक भवन आफ्नै पालिकाको हुँदा पालिकाको प्रशासनिक काम गर्न सहज हुने उहाँले बताउनुभयो। यसैबीच चन्द्रपुर नगरपालिकाको प्रशासनिक भवन नहुँदा काम कारबाहीमा समस्या आएको छ। गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा नगरपालिकाको भवन जलाइदिएपछि अहिले चन्द्रपुर नगरपालिकाकाको कामकाज भाडाको घरबाट जारी छ। भवन पुनःनिर्माणका लागि प्राविधिक काम भइरहेको नगर प्रमुख सञ्जयकुमार काफ्लेले बताउनुभयो।

# ५ सय ७० ग्राम सुन तथा विदेशी मुद्रासहित भारतीय नागरिक नियन्त्रणमा



झापा, ५ जेठ। झापाको काँकडभिट्टा सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपाल र भन्सार कार्यालयको संयुक्त टोलीले ५७० ग्राम सुन तथा ठुलो परिमाणको विदेशी मुद्रा सहित एक भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ। जेठ ४ गते भारतबाट सिटी सफारीमार्फत नेपाल प्रवेश गर्दै गरेका भारत घर बताउने अन्दाजी ३९ वर्षीय परम पाठकलाई विशेष सूचनाको आधारमा गरिएको जाँचका क्रममा पक्राउ गरिएको हो।

सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म काँकडभिट्टा र मेची भन्सार कार्यालयको संयुक्त टोलीले उनको साथबाट ५७० ग्राम सुन, अमेरिकी डलर २० हजार, भारतीय रुपैयाँ ८५ हजार ४ सय १० बरामद गरेको जनाएको छ साथै भारतीय आधार कार्ड १ थान, विभिन्न ब्रान्डका मोबाइल सेट २ थान, हार्ड डिस्क १ थान, बैंक चेक १ थान तथा सिमकार्ड ७ वटा समेत फेला परेको प्रहरीले जनाएको छ।

बरामद सुन तथा अन्य सामग्रीसहित पक्राउ परेका पाठकलाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि मेची भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ। प्रारम्भिक अनुसन्धानका क्रममा उनी नेपाल प्रवेश गर्नुको उद्देश्य खुल्न नसकेको प्रहरीले जनाएको छ। सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता तथा नायब महानिरीक्षक विष्णु प्रसाद भट्ट ले घटनाबारे जानकारी दिएका हुन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)